नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको समुपस्थितिमा मिति २०८१/०२/३० गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिहदरबारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तगर्तका निकायहरूको चालु आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको छ। उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यूहरू, नेपाल सरकारका मुख्यसचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गत निकायका सचिवज्यूहरू तथा अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो।

सो बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिसम्मको प्रगति, कार्यान्वयनमा देखिएका समस्या र चुनौतीका सम्बन्धमा प्रतिवेदन प्रस्तुत गरिएको थियो। प्रस्तुतिका क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तथा अन्तर्गतका निकायका प्रमुख एवम् प्रतिनिधिहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रममा निर्देशन दिनुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यसम्पादनस्तर, नतिजा र गुणस्तरलाई राष्ट्रिय मानकको रूपमा स्थापित गर्नु आवश्यक रहेकोले तदनुरूप कार्यसम्पादन गर्न निर्देशन दिनुभयो।

चालु आर्थिक वर्षका बाँकी कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयनमा ध्यान दिई शतप्रतिशत नतिजा प्राप्तिमा जोड दिन र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेटको प्रभावकारी कार्यान्वयनमा आवश्यक पूर्वतयारीका कामहरू समयमा नै सम्पादन गर्न पनि सम्माननीय प्रधानमन्त्रीज्यूले विशेष निर्देशन दिनुभयो।

२०८१ साल जेठ ३० गते, बुधबार

प्रेमप्रसाद आचार्य
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np